दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ६९ | बुटवल | २०८२ फागुन २५ गते, सोमबार | नेपाल संवत ११४६ | Monday March 09, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


# कार्की आयोगको प्रतिवेदन सरकारलाई

**प्रधानमन्त्री सुशीला कार्कीले प्रतिवेदन बुझ्दै अध्ययनपछि कारबाही प्रक्रिया अघि बढ्ने प्रतिक्रिया दिएकी छिन्।**



**लुम्बिनी संवाददाता**

*बुटवल*

गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनमा भएका घटना र सरकारी पक्षबाट भएको भनिएको दमनबारे छानबिन गर्न गठित जाँचबुझ आयोगले आफ्नो प्रतिवेदन प्रधानमन्त्री सुशीला कार्कीलाई बुझाएको छ।

पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगका पदाधिकारीहरू प्रधानमन्त्री कार्यालय पुगेर प्रतिवेदन बुझाएका हुन्।

प्रतिवेदन बुझ्दै प्रधानमन्त्री कार्कीले अध्ययन गरेर आवश्यक प्रक्रिया अघि बढाउने बताएको उनका प्रेस सल्लाहकार राम रावलले जानकारी दिए।

गत भदौ २३ र २४ गतेका घटनाको मानवीय र भौतिक क्षतिको छानबिनका लागि बनाइएको सो आयोगको तेस्रो पटक थपिएको म्याद सकिनुभन्दा एक दिनअघि आयोगले प्रतिवेदन बुझाएको हो।

जेनजी आन्दोलनपछि कार्की नेतृत्वको अन्तरिम चुनावी सरकार बनेसँगै असोज ५ मा जेनजी आन्दोलनबारे छानबिन गरी सत्यतथ्य पत्ता लगाउन तीन सदस्यीय जाँचबुझ आयोग गठन गरिएको थियो। आयोगका सदस्यमा पूर्वएआइजी विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वर भण्डारी सदस्य छन्।

भदौ २३ र २४ को घटनाबारे जाँचबुझ गर्न गठन भएको आयोगले केही व्यक्तिहरूलाई फौजदारी कारबाहीको सिफारिस गरेको छ।

परिस्थितिको यकिन नगरी बल प्रयोगमा भूमिका खेलेको आरोपमा आयोगले त्यतिबेला ओहोदामा रहेका केही व्यक्तिहरूलाई कारबाहीको सिफारिस गरेको, स्रोतले बतायो।

जाँचबुझ आयोगसम्बद्ध स्रोतका अनुसार, तत्कालीन प्रहरी महानिर्देशक चन्द्रकुवेर खापुङ, काठमाडौंका प्रमुख जिल्ला अधिकारी छवि रिजाल, उपत्यका प्रहरी कार्यालय, रानीपोखरीका एसएसपी दिपशम्सेर जबरा, जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रमुख विश्व अधिकारीलगायतमाथि फौजदारी कारबाहीको सिफारिस गरेको हो।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरूङको भूमिकाबारे केही विश्लेषण गरे पनि आयोगसम्बद्ध स्रोतले उनीहरूमाथि के-कस्तो कारबाहीको सिफारिस भएको छ भन्नेबारे स्पष्ट उल्लेख गरेन।

फौजदारी कारबाहीको सिफारिस कार्यान्वयन भएमा आयोगको प्रतिवेदनलाई जाहेरी मानेर प्रहरीले व्यक्ति हत्याको आरोपमा सम्बन्धित व्यक्तिहरूमाथि अनुसन्धान अघि बढाउँछ। त्यसक्रममा संलग्न भएका भनिएका व्यक्तिहरू पक्राउ पर्ने र उनीहरूविरुद्ध प्रमाण भेटिए मुद्दा चलाउने सिफारिस समेत हुनसक्छ।

प्रधानमन्त्री सुशीला कार्कीले प्रतिवेदन बुझ्दै अध्ययनपछि प्रक्रिया अघि बढ्ने प्रतिक्रिया दिएकी छन्।

**प्रतिवेदन सार्वजनिक नभए अर्को विद्रोह हुनसक्छ : कार्की**

जेनजी आन्दोलन घटना जाँचबुझ गर्न गठित आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले प्रतिवेदन सार्वजनिक नभए अर्को विद्रोह हुनसक्ने कुरा प्रधानमन्त्री सुशीला कार्कीलाई प्रस्ट भनेको बताएका छन्।

प्रतिवेदन बुझाएपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले प्रतिवेदन सार्वजनिक गरेर सरकारले कार्यान्वयन गर्नुपर्ने बताए।

उनले भने-'प्रधानमन्त्री र मन्त्रीहरू सबै हुनुहुन्थ्यो। उहाँहरूलाई मैले भनेको छु, प्रतिवेदन सार्वजनिक गर्नुस्, त्यसपछि कार्यान्वयनमा जानुपर्‍यो। सार्वजनिक गरिएन भने जेनजीका युवाहरूको अर्को आन्दोलन आउनसक्छ। नत्र त्यो सामना गर्न तयार हुनुस् कि सार्वजनिक गर्नुस् भनेको छु।'

प्रधानमन्त्रीले सार्वजनिक गर्ने बताए पनि कहिलेसम्म भन्ने नभनेको उनले बताए।

## कसले कति सिट जिते ?

बुटवल। प्रतिनिधिसभा सदस्य निर्वाचनमा यो खबर तयार गर्दासम्म १५३ क्षेत्रको नतिजा आएको छ। जसमा रास्वपाले सर्वाधिक धेरै ११७ सिट जितेको छ। रास्वपा ८ क्षेत्रको मतगणनामा अगाडि छ।

नेपाली कांग्रेसले १७ क्षेत्रमा जित हासिल गरेको छ। गणना जारी रहेकामा उसले अग्रता लिएको कुनै क्षेत्र छैन।

नेकपा एमालेले ७ क्षेत्रमा जितेको छ भने ३ क्षेत्रको मत गणनामा अग्रता छ। नेकपाले ७ क्षेत्र जितेको छ। गणना जारी रहेकामा उसले अग्रता लिएको कुनै क्षेत्र छैन। श्रम संस्कृति पार्टीले तीन क्षेत्रमा जितेको छ। उसको पनि कतै अग्रता छैन। राप्रपाले एक क्षेत्र जितेको छ। उसको पनि कतै अग्रता छैन। स्वतन्त्र उम्मेदवार महाविर पुनले मात्रै जितेका छन्।

**श्रम संस्कृतिले कहाँ जित्यो ?**

चार महिना अघि दर्ता भएको श्रम संस्कृति पार्टीले प्रत्यक्षतर्फ तीन स्थानमा जित हासिल गरेको छ। श्रम संस्कृतिका अध्यक्ष हर्क साम्पाङ सुनसरी-१, महासचिव आरेन राई खोटाङ र ध्रुवराज राई भोजपुरबाट निर्वाचित भएका हुन्।

धरान उप-महानगरपालिकाका मेयर साम्पाङले गत असोजमा पार्टी दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएका थिए। आयोगले कात्तिक १६ गते दल दर्ताको प्रमाणपत्र दिएको थियो।

समानुपातिकतर्फ ४३ लाख मत गणना हुँदा श्रम संस्कृति पार्टीले ९७ हजार ८९२ मत प्राप्त गरेको छ। समानुपातिकतर्फ निर्वाचित हुन कुल सदर मतको तीन प्रतिशत प्राप्त गर्नुपर्दछ।

**राप्रपाबाट जित्ने ज्ञानेन्द्र शाही मात्रै**

राप्रपाले प्रत्यक्षतर्फ एक सिट मात्रै जितेको छ। जुम्लाबाट ज्ञानेन्द्र शाहीले जित हासिल गर्दै संसदमा राप्रपाको बिउ जोगाएका हुन्। उनको जितका कारण राप्रपा चरम निराशाबाट जोगिएको छ। शाहीले पनि हारेको भए राप्रपाको संसदमा उपस्थिति नै नरहन सक्थ्यो। तर, एक सिट जितिसकेपछि राष्ट्रिय पार्टीका रूपमा संसदमा उपस्थिति जनाउने सम्भावनाको ढोका खुलेको छ।

२०७९ सालको चुनावमा राप्रपाले प्रत्यक्षमा ७ र समानुपातिकमा ७ गरी १४ सिट जितेको थियो। पाँचौं ठूलो शक्तिका रूपमा राप्रपाले संसदभित्र हस्तक्षेपकारी भूमिका पनि निभायो। ज्ञानेन्द्र शाहीले पार्टीको प्रवक्ताका रूपमा संसदभित्र निकै प्रखर आवाज उठाए। उनीमार्फत् जुम्लाको आवाज संसदमा गुञ्जिएको थियो। त्यसकै पुरस्कारस्वरूप जुम्ली जनताले उनलाई पुन विजयी गराए। जुम्लामा अन्यत्रजस्तो घन्टीको लहर नपुगेले पनि शाहीलाई सजिलो भयो।

अघिल्लो चुनावमा जितेका अन्य क्षेत्रहरू भने राप्रपाले गुमाएको छ। रास्वपाको अकल्पनीय लहरबिच राप्रपा प्रतिस्पर्धामा निरिह बन्न पुग्यो। पार्टी अध्यक्ष राजेन्द्र लिङदेनले झापा ३ बाट नमिठो हार व्यहोरे। उनलाई रास्वपाका प्रकाश पाठकले २१ हजारभन्दा बढी मतले पछि पारे।

अघिल्लो चुनावमा रूपन्देही ३ बाट राप्रपाका दिपक बोहोरा विजयी बनेका थिए। उनी दिवंगत भएकाले यो चुनावमा बोहोराका छोरा गौरवलाई राप्रपाले उभ्याएको थियो। तर उनी चौंथो स्थानमा खस्किए। यो निर्वाचन क्षेत्रबाट रास्वपाका लेखजंग थापाले ५० हजार मतान्तरको अभूतपूर्व जित हासिल गरे।

अघिल्लो चुनावमा चितवन क्षेत्र नम्बर ३ बाट राप्रपाका विक्रम पाण्डे विजयी भएका थिए। यसपटक उनले चुनाव लड्ने नै हिम्मत गरेनन्। पाण्डे पछि हटेपछि राप्रपाले दिपक थापामगरलाई टिकट दिएको थियो। यो क्षेत्रबाट रास्वपाकी सोविता गौतमले ५९ हजारभन्दा बढी भोट ल्याएर जित्दा राप्रपाका थापामगरले १२ सय २६ भोट मात्र ल्याए। उनको जमानत जफत भयो।

२०७९मा राप्रपाबाट जितेका अर्का उम्मेदवार हुन् दिपक सिंह। मकवानपुर १ बाट विजयी बनेका सिंह यसपाली पनि सोही क्षेत्रबाट उठेका थिए। तर उनको अवस्था नाजुक रह्यो। रास्वपाका प्रकाश गौतमले चुनाव जित्दा सिंह छैटौं स्थानमा धकेलिन पुगे।

अघिल्लोपटक नवलपरासी पश्चिम २ बाट चुनाव जितेका ध्रुवबहादुर प्रधान पनि यसपटक लड्खडाए। रास्वपाका उम्मेदवारले चुनाव जित्दा उनी चौंथो स्थानमा खस्किए।

» बाँकी ३ पेजमा

# लुम्बिनीका २६ मध्ये २१ क्षेत्रमा रास्वपाको जित

नेपाली कांग्रेस र नेकपाले द्वद्व र एमालेले एक क्षेत्रमा मात्र जित निकाल्दा एकभन्दा बढी निर्वाचन क्षेत्र भएका पाँच ठूला जिल्ला क्लिन स्वीप गरेको ५।



**लुम्बिनी संवाददाता**

*बुटवल*

लुम्बिनी प्रदेशका २६ वटा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्रमध्ये राष्ट्रिय स्वतन्त्र पार्टीले २१ क्षेत्रमा जितेर बलियो वर्चस्व जमाएको छ। यसअघिका ठूला दलमध्ये नेपाली कांग्रेस र नेपाली कम्युनिष्ट पार्टीले २-२ क्षेत्र जित्दा नेकपा एमालेले एउटा क्षेत्रमा मात्र जित निकालेको छ।

प्रदेशका १२ जिल्लामध्ये रास्वपाले नवलपरासी पश्चिमका दुबै क्षेत्र, रूपन्देहीका ५ वटै क्षेत्र, गुल्मीका दुबै क्षेत्र, दाङका तीनवटै क्षेत्र, अर्घाखाँची, पाल्पाको क्षेत्र नं. २, कपिलवस्तुमा दुई, बाँकेमा दुई, प्यूठान र बर्दियाका दुबै क्षेत्र जितेको छ।

यस्तै नेपाली कांग्रेसले कपिलवस्तु ३ र पाल्पा १ मा जितेको छ।

नेकपाले जनयुद्धको आधारभूमि रोल्पा र रूकुममा आफ्नो विरासत जोगाउँदै दुई सिट जितेको छ। यस्तै नेकपा एमालेले बाँके क्षेत्र नं. २ मा मात्र जितेको छ।

रास्वपाले एकभन्दा बढी निर्वाचन क्षेत्र भएका रूपन्देही, दाङ, नवलपरासी, गुल्मी र बर्दियामा सबै क्षेत्र जित्दै क्लिन स्वीप गरेको छ।

प्रदेशका हेभिवेट नेताहरू एमाले उपाध्यक्ष विष्णु पौडेल, अर्का उपाध्यक्ष गोकर्ण विष्ट, महासचिव शंकर पोखरेल, नेता प्रदीप ज्ञवाली, नेकपाका नेता पूर्व मन्त्री सोमप्रसाद पाण्डे, नेपाली कांग्रेसका पूर्व सहमहामन्त्री किशोरसिंह राठौर, कांग्रेस लुम्बिनी प्रदेश सभापति अमरसिंह पुन, एमाले केन्द्रीय सदस्य सूर्य थापा, कांग्रेसका डा. गोविन्द पोखरेल, जसपा नेपालका वरिष्ठ नेता सर्वेन्द्रनाथ शुक्लालगायत चर्चित नेताहरू पराजित भएका छन्।

**कहाँ कसले जिते ?**

**रूकुम पूर्व**

एक मात्र निर्वाचन क्षेत्र रहेको रूकुम पूर्वबाट नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्ड निर्वाचित भएका छन्। पूर्वप्रधानमन्त्री प्रचण्ड १० हजार २४० मतसहित प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन्।

उनका निकटतम प्रतिस्पर्धी नेकपा एमालेका लीलामणि गौतमले ३ हजार ४६२ मत पाएका छन्।

नेपाली कांग्रेसकी उम्मेदवार कुसुमदेवी थापाले ३ हजार ८१ मत पाइन्। प्रगतिशील लोकतान्त्रिक पार्टीका उम्मेदवार सन्दीप पुनले २०३, विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का उम्मेदवार जुद्धबहादुर बुढामगरले १९१ मत पाएका छन्।

**रोल्पा**

एक मात्र निर्वाचन क्षेत्र रहेको रोल्पामा नेपाली कम्युनिष्ट पार्टीका वर्षमान पुन विजयी भएका छन्। पुन २७ हजार ४६० मतसहित विजयी भएका हुन्।

» बाँकी ३ पेजमा




# सम्पादकीय

## मुलुक लयमा हिड्ने अपेक्षा

फागुन २१ गते चुनाव हुन्छ कि हुँदैन भन्ने अन्यौलका बिच चुनाव शान्तिपूर्ण ढंगले सम्पन्न भयो। चुनाव शान्तिपूर्ण सम्पन्न गराएर प्रधानमन्त्री सुशीला कार्कीले जितेकी छिन् । जेनजी आन्दोलन र विध्वंशपछि उनको प्रमुख जिम्मेवारी चुनाव गराएर जननिर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्नु थियो । तोकिएको समयमा चुनाव गराउन प्रधानमन्त्री कार्कीले खेलेको भूमिका प्रशंसनीय छ। चुनावमा सुरक्षालगायत विषय उठाएर सशंकित दलहरूलाई विश्वासमा लिंदै अन्ततः सबै राजनैतिक दललाई चुनावमा सहभागी हुने वातावरण तयार गरेर प्रधानमन्त्री सुशीला कार्कीले महत्वपूर्ण काम गरेकी छिन्। फागुन २१ मा चुनाव सम्पन्न हुनु उनको सुझबुझ, कुशल नेतृत्व र व्यवस्थापकीय क्षमताले काम गरेको छ।

अब मुलुकमा छिट्टै निर्वाचित नेतृत्वलाई सत्ता हस्तान्तरण हुनेछ । राष्ट्रिय स्वतन्त्र पार्टी जनताका चुलिएका आकांक्षा पूर्तिका लागि नयाँ सरकारले मिहिनेतपूर्वक काम गर्नुपर्नेछ। सेवा प्रवाहमा सुधार, नीतिगत सुधार, भ्रष्टाचार नियन्त्रण र संविधान संशोधन जस्ता काममा सरकारको प्राथमिकता हुनुपर्छ। सरकारी सेवा प्रवाहमा भइरहेको ढिलाइले चुलिएको आक्रोश मत्थर पार्न तत्काल सुधार थालिहाल्नुपर्ने छ । बजेट खर्च, पारदर्शीता, सुशासनलगायतका विषयलाई चुस्त बनाउन नीतिगत सुधारको खाँचो छ । भ्रष्टाचार नियन्त्रणको विषय एकातिर व्यक्तिगत आचरणमा सुधारले मात्रै सम्भव छ, अर्कोतिर नीतिगत सुधारबाट गर्न सकिन्छ। परम्परागत कर्मचारी प्रशासनलाई सुधार गरी आधुनिक बनाउन आवश्यक छ। प्रविधिसँग जोडिएको कर्मचारी प्रशासनले प्रविधिमार्फत् कामकाज छरितो र विश्वसनीय कसरी गर्न सकिन्छ भन्ने बारेमा चिन्तन गरी निष्कर्ष निकाल्न चुकेको छ । त्यसको भारी राजनैतिक नेतृत्वले व्यहोर्नु परेको छ। अख्तियारलगायत संवैधानिक निकायमा पदाधिकारी नियुक्तिमा भएको दलीय भागबण्डाले संवैधानिक निकायप्रतिको विश्वास खस्केको छ । आम नागरिकमा संवैधानिक निकायप्रति खस्केको विश्वासलाई उकास्न सरकार आग्रह र पूर्वाग्रहबाट मुक्त भएर राम्रा जति हाम्रा भन्ने नीतिलाई व्यवहारमा उर्तान सक्यो भने राज्यप्रतिको विश्वास बढ्नेछ।

मुलुक संघीयतामा गएपछि बन्नुपर्ने कानुन नबन्दा प्रणालीले राम्ररी काम गर्न सकेको छैन। प्रणालीले राम्ररी काम गर्न सक्दा मात्रै नागरिकका आकांक्षा पूर्ति हुने हो । त्यसका लागि पहिलो संसदबाट नै विधेयक पारित गर्न आवश्यक छ । संसदमा विचाराधीन विधेयकलाई पारित गर्न ढिलाइ गर्न हुन्न । संविधान संशोधन जस्तो संवेदनशिल विषयका लागि सरकारले विवेक पुऱ्याएन भने दुर्घटना हुनसक्छ। दुई तिहाइको नजिक पुगेको रास्वपाका लागि राष्ट्रियसभाको गणित सहज छैन। तसर्थ कांग्रेस–एमाले सहितका दलहरूसँग सहकार्यको ढोका बन्द गर्न हुन्न । चुनावले नयाँ राजनैतिक नेतृत्व मात्रै ल्याएन्, जेनजी आन्दोलनपछि बाटो बिराएको संविधानले बाटो समाएको छ, संविधान सही बाटोमा हिंड्दा मुलुक लयमा हिंड्ने अपेक्षा गर्न सकिन्छ।

# बांग्लादेश चुनावपछिको चुनौतीहरू !



एच.के. श्रेष्ठ

*बंगलादेशको चुनावमा बाहिरी नतिजा आए जस्तो भित्री सत्यता होइन । २०९ सिटसहितको दुई तिहाइ बहुमत बीएनपी पार्टीलाई दिएर 'ओल्ड इज गोल्ड' भने जस्तो त भएको छ । तर त्यो नतिजा प्राप्त हुनुमा आवामी लीग हिन्दू र अन्य कारणहरू पनि छन् । हसिनाको दल अवामी लीगलाई निर्वाचनमा सहभागिता प्रतिबन्ध लगाए पनि पार्टीलाई लगायो । उक्त पार्टीका भोटर्स, समर्थक, कार्यकर्ता र शुभचिन्तकहरूलाई लगाएको होइन । यसर्थ कतिपय अवामी लीग पार्टीअन्तर्गतको मत बिएनपीलाई नै गएको हुनुपर्छ । यसको कारण विद्यार्थी आन्दोलनको प्रतिशोध सांध्न एनसीपी विद्यार्थीको दललाई हराउनपनि बिएनपी अप्सन रोजिएको देखिन्छ ।*

निर्वाचन राजनीतिक समाधान होइन भन्ने देखिन्छ, संसारमै । र यो पुष्टि भएको यथार्थ पनि हो । यो जिक ज्याक नतिजाबाट उही सारसंग्रहवादमा थेग्रेको पाइन्छ । संसदीय व्यवस्थामा निर्वाचन राजनीतिक द्वन्द्वको गेट पास हो भन्ने कुरा बङ्गलादेशको १२ फेब्रुअरी सन् २०२६ को संसदीय चुनाव र यसका आश्चर्यजनक परिणामले पुनः पुष्टि गरिदिएको छ। संसदीय घेराको विश्व राजनीतिमा चुनावको मतमा चेतना, परिपक्कता, बौद्धिकता, विश्वसनीयता र समस्याको निर्मूलता नपाइने परिणामले उक्त कुरा प्रमाणित गर्दै आएकै छ । बांग्लादेशमा यस पटकको निर्वाचन नतिजाले सबैभन्दा पुरानो दलमध्येकै बांग्लादेश नैसनल पार्टी (बिएनपी) लाई आश्चर्यजनक रूपमा दुई तिहाई सिट दिलाएको छ। बीसौं वर्षसम्म सत्ताविहीन भई निरास दल उपर अत्याधिक मत परेको छ। करिब ३५ वर्षपछि बांग्लादेशले निर्वाचित पुरूष प्रधानमन्त्री प्राप्त गरेको छ। करिब १७ वर्ष बेलायती प्रवासी बिएनपीको अध्यक्ष तारिक रहमान दुईतिहाइ सिटको साथ बाङ्गलादेशको प्रधानमन्त्री बनेको छ। बांग्लादेशको निर्वाचन सन्देश होइन प्रश्न हो भन्ने ठहर यो पंक्तिकारको हो। प्रश्न यस मानेमाकि त्यस्तै अत्याधिक मत वा बहुमत प्राप्त गरेको अवामी लीगको दशकौ सत्ता चलाएकी शेख हसिनाविरुद्ध युवा विद्यार्थी आन्दोलन भयो। हजारौं घाइते र सयौं मारिए। देश ध्वस्त र खरानी भयो। हसिना स्वयम् भारत शरणमा छिन्। मृत्यु दण्ड घोषणा गरिएको छ । पुनः त्यही प्रकृतिको चुनाव भयो । पुनः अवामी लीग तथा हसिना प्रकृति र प्रवृतिकै आफूले सत्ता चलाउँदा नातावाद, भ्रष्टाचारलगायतको प्रश्नै प्रश्नको अर्को पुरानै दललाई दुई तिहाईले जित गराइदिएका छन्। देशै उथलपुथल पार्ने आन्दोलन गरेको भनिएको जेनजी वा युवा वर्गको नेसनल सिटिजन पार्टी, नयाँ पार्टीको झण्डै अस्थित्व नै मेटिने गरी ५ सिट मात्र छ। यसर्थ निश्चित रूपमा बांग्लादेशको राजनीति झन् कचल्टिएको छ। निकै धेरै प्रश्नै प्रश्नबिच अघि बढ्दैछ।

**आलोचनामा तारिक**

आमाको मृत्युपश्चात् बांग्लादेश नेस्नल पार्टीको कमान्ड समालेका तारिख रहमान पूर्व राष्ट्रपति तथा बांग्लादेश स्वतन्त्र मुक्ति आन्दोलनको कमाण्डर जियाउर रहमान र पूर्व प्रधानमन्त्री बेगम खालिदा जियाका छोरा हुन् । तर उनी सो विरासतको पवित्रतामा घूर्मइलो छन् । सन् १९८८ बाट बिएनपी पार्टीको साधारण सदस्यता लिएका तारिक रहमान सन् २००१ बाट सक्रिय सदस्यको रूपमा लागेका थिए। तर सक्रिय सदस्य लिएबाटै उनलाई आमा खलिदा जियाको सत्ताको दुरूपयोग गरेको आरोप छ। उनले आमा सत्ताको फाइदा उठाउँदै भ्रष्टाचार गरेको र अकुत सम्पत्ति कमाएको आरोपमा १८ महिना जेल परे । राजनीति नगर्ने शर्तमा छुटेर सन् २००८ देखि लन्डन रहेका उनी राष्ट्रिय राजनीतिमा प्रत्यक्ष खारिएको मानिँदैन। उनी अनुभव नभएको नेताको रूपमा आलोचित छन्। परिपक्कताको अभाव मानिन्छन्।

विपक्षी र नागरिक तप्काले वंशवादको उपज मानेका छन् । पलस टुकोमात्र योग्यता भएको रहमानलाई केही समालोचकहरूले उनी राजनीतिज्ञभन्दा पनि इञ्जिनियर भनी व्यङ्गय गर्छन् । विपक्षीहरूले उनलाई भारतले जिताएको भनी गम्भीर प्रश्नपनि खडा गरेका छन्। संसदीय सदस्य, प्रधानमन्त्री र पार्टी प्रमुखकै रपमा र हैसियतमा उनी पहिलो र नयाँ हुन्।

**चुनौतीमा प्रधानमन्त्री तारिक रहमान :**

सन् २०२६ , फेब्रुअरी १७ मा प्रधानमन्त्री शपथ लिएकै पहिलो दिनमै ठूलो चुनौती खडाबाट प्रम तारिकको सत्ता यात्रा सुरु भएको छ। 'पहिलो गाँसमा ढुङ्गा'भनेझैं शपथ कार्यक्रममै 'जुलाई चार्टर' ठूलो चुनौतीको रूपमा उभिएको छ । उनले प्रधानमन्त्रीको शपथ लिए, तर 'जुलाई चार्टर'को मर्म संविधान सुधार सदस्यको शपथ उनले र बिएनपीको सांसदहरूले लिन नमानेपछि हंगामा भयो। उनले संविधान सुधार सदस्यको सपथ लिन इन्कार गरेपछि जमात ए-इस्लामी र एनसीपी दलकाले समेत संसद सदस्यको शपथ लिन मानेनन् । यहींबाट टस्सल तथा चुनौती सुरु भएको छ। सत्ता सहज भए पनि निकै सामना गर्न पर्ने अवस्था छ। बङ्गलादेशको मुख्य चुनौती नै राजनीतिक स्थायित्व कायम गर्नु हो । शान्ति सुरक्षा कायम पहिलो शर्त रहेको छ। विद्यार्थी आन्दोलनले ध्वस्त बङ्गलादेशको आर्थिक चौपटलाई रिकोभरि हुनेगरी चरम आर्थिक सन्तुलन गर्नु अर्को चुनौती छ। बेरोजगारी हल गर्नुपर्नेछ । लोकतान्त्रिक संस्थाहरूको पुनरउत्थान गरी राजनीतिक प्रतिशोध अन्त्य गर्नुछ। खाद्यपदार्थको मूल्य घटाउनु पर्नेछ। युवावर्गलाई रोजगारी सिर्जना गरी चित्त बुझाउनु पर्नेछ । बांग्लादेशको भूराजनीतिक संकटको रूपमा रहेको भारत र चीनलाई मिलाउने विदेश नीति सन्तुलित गर्नुछ। छिमेकी पाकिस्तानसँगको सम्बन्धप्रति गम्भीर दृष्टिकोण तय गर्नुपर्छ । शेखहसिनालाई बङ्गलादेशमा सुपुर्दकि गराउन सफल प्रयासको जरूरी छ। अन्तरिम सरकारको प्रम मुहम्मद युनुस र राष्ट्रपति मोहम्मद शहबुद्धिन चुप्पू बिच निकै गहिरो टकराव रहेको देखिन्छ । राष्ट्रपति शहबुद्धिन चुप्पूले युनुसलाई निकै गहिरो आरोप लगाएका छन्। उनले आफू(राष्ट्रपति)लाई बन्दक कोठामा कैद गरेको, मार्ने योजना बनाएको, राष्ट्रपति भवन बाहिर निस्कन नदिएको, विदेशी निमन्त्रणाहरूमा सहभागी हुन नदिएको, प्रधानमन्त्री युनुस विदेश जाँदा राष्ट्रपतिसँग जानकारी नगराएको, प्रधानमन्त्री स्वयंले संविधान मानेनन्। उनी दुई प्रतिशत समर्थक पनि नरहेको व्यक्ति प्रधानमन्त्री भएको आदि इत्यादि आरोप राष्ट्रपतिले लगाएका छन् । राष्ट्रपति र आन्तरिम प्रधानमन्त्रीबिचको यस्तो कडा द्वन्द्व समेतलाई हल गर्नु पर्ने चुनौती छ, नव प्रधानमन्त्री तारिक रहमानलाई। सिर्फ हसिनालाई सत्ताच्युत गरेपछिको सरकार प्रमुख भएर मात्र उनलाई सुख छैन। २० वर्षपछिको बिएनपी पार्टीको सत्ताआरोहण र करिब ३५ वर्षपछिको निर्वाचित पुरूष प्रधानमन्त्रीको गौरवमय इतिहास र सार्थकता नौलो र सफल ढङ्गले पुष्टि गर्नुपर्ने चुनौती छ । उत्तरी ध्रुवको सत्ताधारी बिएनपी र दक्षिणी ध्रुवको प्रतिपक्ष मुस्लिम कट्टरपन्थी जमात ए- इस्लामीबिचको सन्तुलित कोण तयको प्रलय छ, तारिकलाई । दशकौंदेखिको प्रतिस्पर्धी दल शेख हसिना नेतृत्वको अवामी लीगसँगको सम्बन्ध कसरी अघि बढाउने र आन्दोलनको मुख्य हिस्सेदार युवा विद्यार्थीका दल एनसीपी सामु कसरी टिक्ने भन्ने चुनौती उत्तिकै छ। पार्लियामेन्टमा अनुभवहीन नयाँ सांसदहरूलाई लिएर सरकार र सत्ता चलाउन जटिल हुनेछ । 'जुलाई चार्टरको' विवाद समाधान र संविधान सुधारको मुद्दा नै उनलाई ठूलो टाउको दुखाई बन्ने देखिएको छ । चुनाव पराजित जेन-जी पुस्ताको प्रतिशोध र आक्रोश कुनै न कुनै रूपमा फेरि विस्फोट हुनेछ। त्यो सम्बोधन र सन्तुलन तारिक रहमानले निकै बुद्धिमत्ता ढंगले गर्नु पर्नेछ। हालसम्म प्रतिबन्धित दल हसिनाको अवामी लीगका समर्थक, नेता तथा कार्यकर्ताले बन्द पार्टी काइलगको ताला नै तोडेर सक्रियता लिएका छन् । साहि दलले लिने राजनीतिक पहलकदमी के हुने हो। कस्तो रबैया अपनाउने हुन्। उक्त दललाई सन्तुलित गर्न पर्ने चुनौती समेत सामान्य छैन । आफू सत्तामा जाने बित्तिकै दुई कार्यकालको प्रधानमन्त्री प्रणालीको संविधान सुधारमा उनको सहमत नदेखिनु सधैं सत्तामा बस्ने मृग तृष्णा र मोहको छनक उनमा देखिन्छ।

**मतको वास्तविकता**

बंगलादेशको चुनावमा बाहिरी नतिजा आए जस्तो भित्री सत्यता होइन। २०९ सिटसहितको दुई तिहाइ बहुमत बीएनपी पार्टीलाई दिएर 'ओल्ड इज गोल्ड' भने जस्तो त भएको छ। तर त्यो नतिजा प्राप्त हुनुमा आवामी लीग हिन्दू र अन्य कारणहरू पनि छन्। हसिनाको दल अवामी लीगलाई निर्वाचनमा सहभागिता प्रतिबन्ध लगाए पनि पार्टीलाई लगायो। उक्त पार्टीका भोटर्स, समर्थक, कार्यकर्ता र शुभचिन्तकहरूलाई लगाएको होइन । यसर्थ कतिपय अवामी लीग पार्टीअन्तर्गतको मत बिएनपीलाई नै गएको हुनुपर्छ । यसको कारण विद्यार्थी आन्दोलनको प्रतिशोध सांध्न एनसीपी विद्यार्थीको दललाई हराउनपनि बिएनपी अप्सन रोजिएको देखिन्छ । त्यस्तै अल्पसंख्यक र हिन्दू तथा महिलाहरूले पनि तुलनात्मक रूपमा बिएनपीलाई अप्सन मानेर मत हालेका हुन् । कट्टरपन्थी मुस्लिम दल जमात ए -इस्लाम ७७ सिट र एनसीपी जेनजी दलले पाँच सिट मात्र विजय गरेका छन्। एनसीपीको पाँच सिट मात्र प्राप्त हुनुले उनको नेतृत्वमा भएको कहाली लाग्दो आन्दोलनलाई ठूलो व्यङ्ग गर्दै चुनावी मतले झापड दिएको छ । यसको मतलब त्यो आन्दोलन जनमतले अनुमोदन गरेको देखिएन। आवेगी, आक्रोषी, क्षणिक उत्तेजित तप्का भन्दा परिपक्व, अनुभवी र विचारशील तथा विवेकीको माग देशले गर्दछ भन्ने देखिन्छ।

**सार कुरा**

आजसम्मका घट्नाक्रमहरूलाई साक्षी राख्ने हो भने चुनाव विश्वमै समाधान भएको देखिन्न। यो बडा जटिल र गम्भीर प्रश्न हो। एन्टी-इलेक्सन विचारकहरूको जिकिर छ, चुनाव समस्याको चक्रिय प्रक्रियामात्रै हो । जेनुइन, अर्थपूर्ण र उत्तरदायी प्रतिनिधित्व चयन गर्न चुनाव असफल हुन्छ। चुनावी भीडले सत्ताधारीहरू फेर बदलमात्र गर्ने हो । शक्तिको सार संग्रहवादमात्रै हो । समालोचकहरूले भनेजस्तो भोटिङको ब्युरोक्र्याटीक प्रकृति जनतालाई आफ्नै राजनीतिक शक्तिबाट छुट्याएर एक्लो बनाइदिने हो। प्रत्यक्ष सहभागीमूलक रूपको प्रजातन्त्रबाट बेवास्ता गराउने हो । क्रिटिकल थिङ्करहरू करोल प्याटम्यान, जीन बौड्रिलार्डको भनाइअनुसार मास मिडिया र चुनावले छनौटको नक्कल सिर्जना गर्दछ। जहाँ पहिले नै त्यसको नतिजा अन्तरनिहित वा उपलक्षित हुन्छ। केवल राजनीतिक सार्वजनिक घोषणाले भोटर्सहरू तर्कहीन चेतनहीन हुन्छन्। जसले गर्दा लोकतन्त्र केवल एलिट (उच्च विशिष्ट, कुलिनवर्ग)को प्रतिस्पर्धात्मक सङ्घर्ष मात्रै हो। विचारक जोसेफ स्कुमपेटेरको एलिटिस्ट थेउरीको अनुसार भोटिङले जनतालाई शक्तिहीन गराएर राज्य प्रशासकको पुजारी वर्ग तय गर्दछ। आधुनिक निर्वाचन प्रक्रिया आधारभूत रूपमै त्रुटिपूर्ण र खास क्षमतावान प्रतिनिधि छनोटमा असक्षम छ। चुनाव र मतदान प्रक्रियाले नागरिकलाई शक्तिशाली बनाउने भन्दा पनि पावर संरचनालाई वैधता दिने मात्र हो । अनि कसरी हुन्छ समाधान ? सर्सर्ती हेर्दा बिएनपी दलले दुईतिहाइ बहुमत प्राप्त गऱ्यो। के यो बङ्गलादेशको समाधान होला त ? त्यही मतदानबाट बहुमतले निर्वाचित दशकौंसम्म सत्तासिन शेख हसिना फाँसीवादी, अधिनायकवादी, भ्रष्टाचारी, स्वइच्छाचारी भइन् भनेर देश नै खरानी हुने गरी विद्यार्थी आन्दोलन भयो। त्यसपछिको चुनावले उही प्रकृतिको पुरानै दललाई दुई तिहाई बहुमत दिएको छ । नयाँ भनिएको आन्दोलनकारीको दल पाँच सिटमा सीमित भयो । यसको मतलब निर्वाचन र भोटिङ समस्याकै दुस्चक्र भन्ने नै हो। नेपालमै दुई तिहाई मतको काँग्रेस र एमाले सरकारको शासन अवस्थाले देश खरानी भयो । अब हुने उही प्रकारको चुनावी मत परिणामले समाधान ल्याउला ? नेपालको राजनीतिले पनि अबको चुनाव पछि भोग्ने यहि नै हो।

# नेपालमा मानसिक स्वास्थ्य परिषद्को आवश्यकता

सुदीप घिमिरे

दाङकी रीता ढकाल (नाम परिवर्तन) विगत ८ वर्षदेखि मनोविमर्शकर्ताका रूपमा काम गर्दै आउनुभएको छ । उहाँले मनोविज्ञानमा स्नातक तह पूरा गर्नुभएको छ र हाल त्रिभुवन विश्वविद्यालयमा 'काउन्सिलिङ साइकोलोजी' मा स्नातकोत्तर तह अध्ययनरत हुनुहुन्छ। उहाँको अनुभवले एउटा गम्भीर प्रश्न खडा गरिदिएको छ- कति पढेपछि मनोविमर्शकर्ता हुने हो ? कुन संस्थाको तालिम लिनुपर्ने हो ? कति वर्ष काम गर्नुपर्ने हो ? कसले मनोविमर्शकर्ताको पहिचान दिने हो ? यी रीताका मात्र व्यक्तिगत जिज्ञासा होइनन्, यो देशभर कार्यरत सयौं मनोविमर्शकर्ता र मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यरत व्यक्ति तथा संस्थाहरूको साझा सवाल हो।

जीवनकथासम्बन्धी अनुसन्धानात्मक दृष्टिकोणबाट हेर्दा रीताको कथा व्यक्तिगत संघर्ष मात्र नभएर देशकै मानसिक स्वास्थ्यको संरचनागत र नीतिगत अन्योलको कथा हो। रीताको ८ वर्षे मनोविमर्श सेवाको यात्रामा तालिम, शिक्षा, अनुभव र सेवाप्रतिको समर्पण त छ, तर पेसागत पहिचानको अभावले उत्पन्न असुरक्षा उत्तिकै छ।

रीताकै साथी मनोविमर्शकर्ता सरिता थप्छिन्-"समस्या हाम्रो क्षमतामा होइन, स्पष्ट नीति र लाइसेन्सिङ प्रणालीको अभावमा हो।" हुन पनि हो, नेपालमा मानसिक र मनोसामाजिक स्वास्थ्य सम्बन्धी नीति र रणनीति भए पनि ती एकीकृत र स्पष्ट मापदण्डसहित बनेका छैनन्। जसका कारण राज्यका निकायहरू 'जसले जे भन्यो, त्यही मार्ग' मा लागिरहेका छन् । फरक-फरक शैक्षिक मापदण्ड र योग्यताका आधारमा विज्ञापन खुल्ने तथा तालिम नलिएका व्यक्तिहरूलाई समेत मनोविमर्शकर्ताका रूपमा नियुक्ति दिने काम भइरहेका छन् ।

हाल 'एमफिल क्लिनिकल साइकोलोजी' पूरा गरेकालाई मात्र नेपाल स्वास्थ्य व्यवसायी परिषद्मार्फत लाइसेन्स प्राप्त गर्ने व्यवस्था छ । अन्य मनोविमर्शकर्ता, विद्यालय मनोविमर्शकर्ता वा मनोसामाजिक कार्यकर्ताहरू भने पर्याप्त पढाइ र अनुभव भए पनि राष्ट्रिय मापदण्डविना नै कार्यरत छन्। यसले सेवाको गुणस्तर, पेसागत उत्तरदायित्व र सेवाग्राहीको सुरक्षामा प्रश्न उठाउँछ। साथै, प्रकाशित विज्ञापनहरूमा शैक्षिक योग्यता, अनुभव र तालिमको मापदण्ड फरक-फरक बनाइँदा थप अन्योल सिर्जना भएको छ।

नेपालमा हाल मनोसामाजिक कार्यकर्ता (केही दिनदेखि हप्ता दिनको तालिम लिएका), मनोविमर्शकर्ता (७८० घण्टाको तालिम लिएका), विद्यालय मनोविमर्शकर्ता, सामाजिक कार्यकर्ता, स्नातकोत्तर गरेका मनोविद्, मनोरोग नर्सहरू सक्रिय छन्, तर सबैलाई औपचारिक लाइसेन्स वा मान्यता दिइएको छैन। रीता जस्तै धेरैले सरकारी, गैरसरकारी वा निजी संस्थामार्फत् सेवा दिइरहेका छन्, तर उनीहरूको कार्यक्षेत्र, अधिकार र पेसागत जिम्मेवारी अस्पष्ट छ।

छिमेकी मुलुक भारतले गत वर्ष मानसिक स्वास्थ्य सेवा, अधिकार संरक्षण र स्वास्थ्य प्रणालीभित्र उपचारको पहुँच सुनिश्चित गर्ने कानुनी रूपरेखा बनाई लागू गरेको छ। जसमा ५६ प्रकारका पेसाकर्मी, स्वास्थ्य सेवाप्रदायक र विद्यार्थीहरूलाई समेटिएको छ। यसलाई १० फरक क्षेत्रमा विभाजन गरिएको छ। सामुदायिक हेरचाह र व्यवहार सम्बन्धी विज्ञानभित्र मनोविद्, व्यवहार विश्लेषक, एकीकृत व्यवहार स्वास्थ्य मनोविमर्शकर्ता, स्वास्थ्य शिक्षा परामर्शकर्ता, सामाजिक कार्यकर्ता, एचआइभी मनोविमर्शकर्ता, मानसिक स्वास्थ्य सहयोगी र नैदानिक सामाजिक कार्यकर्ता भनी वर्गीकरण गरिएको छ। समुदायमा हुने लाञ्छनाबाट बच्न त्यहाँ 'मानसिक स्वास्थ्य' भन्दा 'व्यवहारजन्य स्वास्थ्य' लाई बढी जोड दिइएको छ। यी सबैलाई विशिष्ट विशेषज्ञ र प्राविधिक वा सहयोगी स्तर भनी वर्गीकरण गरिएको छ। हरेक पदको शैक्षिक योग्यता, तह र तालिम स्पष्ट रूपमा उल्लेख छ। सबै पेसालाई राष्ट्रिय आयोग र पेसागत परिषद्ले सूचीकरण गर्ने गर्दछ। काम गर्ने क्षेत्रहरू समुदाय, विद्यालय र अस्पताल तोकिएका छन् । मनोरोग चिकित्सक र क्लिनिकल मनोवैज्ञानिकलाई 'भारतीय पुनःस्थापना सम्बन्धी ऐन १९९२' ले नियमन र व्यवस्थापन गर्दछ, जसले अस्पताल र चिकित्सा क्षेत्रलाई बढी समेटेको पाइन्छ।

भारतको नीतिलाई केलाउँदा हरेक क्षेत्रमा कार्यरत मनोविमर्शकर्ता वा मनोविद्को शिक्षा, तालिम र कर्तव्य स्पष्ट छ । नेपालमा पनि भारतमा जस्तै फरक-फरक शैक्षिक पृष्ठभूमि भएका जनशक्ति परिचालित छन्, तर उनीहरूलाई राज्यले एकीकृत रूपमा सूचीकरण गर्ने, तालिम र सुपरिवेक्षण गर्ने संयन्त्र छैन । भारतमा सामान्य प्राथमिक मनोवैज्ञानिक सहयोगको तालिम लिएकालाई समेत 'मानसिक स्वास्थ्य सहयोगी' भनी पहिचान दिइएको छ।

भुटानमा अलग्गै मानसिक स्वास्थ्य सम्बन्धी कानुन नभए पनि यसलाई सामान्य स्वास्थ्य सेवासँग जोडिएको छ । क्लिनिकल परामर्शकर्ता, विद्यालय परामर्शकर्ता र मानसिक स्वास्थ्य कार्यकर्ताजस्ता भूमिकाहरू स्वास्थ्य संरचनामा समावेश छन् । सबै स्वास्थ्य संस्थाहरूमा मानसिक स्वास्थ्य सेवा उपलब्ध छ। नागरिक समाजका संस्थाहरूले जिल्लास्तरमा समुदायमा मनोसामाजिक सहयोग गर्ने जिम्मेवारी पाएका छन् । विशेषज्ञ सेवाहरू थिम्पुस्थित जिग्मे दोर्जी वाङचुक राष्ट्रिय अस्पतालबाट प्रदान गरिन्छ।

नेपालको सन्दर्भमा मानसिक स्वास्थ्यसम्बन्धी ऐन, नीति र रणनीति भए पनि कार्यान्वयन पक्ष फितलो छ। भुटानमा जिल्लास्तरका परामर्शकर्ताहरूको लाइसेन्स व्यवस्था नभए पनि स्थानीय तहले नै उनीहरूको नियमन र अनुगमन गर्दछ। विशेषज्ञका लागि भने लाइसेन्स अनिवार्य छ।

अमेरिकामा मानसिक स्वास्थ्य काउन्सिलरहरूको लाइसेन्सिङ प्रक्रिया राज्यस्तरमा हुन्छ । त्यहाँ अनिवार्य शैक्षिक योग्यता, निश्चित घण्टाको सुपरिवेक्षण (सुपरभिजन) अभ्यास, लाइसेन्स परीक्षा र निरन्तर व्यावसायिक विकासको स्पष्ट संरचना छ । पढाइ र सुपरिवेक्षणलाई उच्च प्राथमिकता दिइने भएकाले सेवाको गुणस्तर र पेसागत उत्तरदायित्व बलियो मानिन्छ। यद्यपि, नेपालको शैक्षिक अवस्था र सीमित जनशक्तिका कारण अमेरिकाकै जस्तो कडा नीति तत्काल लागू गर्न कठिन हुन सक्छ । यी देशहरूको अभ्याससँग तुलना गर्दा नेपालमा सबैभन्दा ठूलो चुनौती भनेको एकीकृत सूचीकरण, स्पष्ट मापदण्ड र प्रभावकारी नियमनको अभाव नै हो । रीता ढकालको कथा यसै संरचनागत कमजोरीको प्रतिनिधित्व हो । उहाँजस्ता पेसाकर्मीहरूले सेवा दिइरहेका छन्, तर राज्यबाट औपचारिक पहिचान, सुरक्षा र वृत्ति-विकासको मार्ग पाएका छैनन् ।

नेपालको मानसिक स्वास्थ्य प्रणाली सुधार गर्न पेसागत वर्गीकरण र कार्यक्षेत्र स्पष्ट गर्नुपर्छ। मनोसामाजिक कार्यकर्ता, मनोविमर्शकर्ता, विद्यालय मनोविमर्शकर्ता, मनोविद्, सामाजिक कार्यकर्ता र मनोरोग नर्सहरूको योग्यता, तालिम र जिम्मेवारी तोकिनुपर्छ। यसका लागि 'मानसिक स्वास्थ्य परिषद् नेपाल' वा 'मानसिक स्वास्थ्य आयोग' गठन गरी सबै पेसाकर्मीहरूको सूचीकरण, लाइसेन्सिङ र आचारसंहिता अनुगमन गर्नु आवश्यक छ। साथै न्यूनतम योग्यता, अनिवार्य सुपरिवेक्षण र निरन्तर व्यावसायिक विकास प्रणाली लागू गरिनुपर्छ । यस्ता निकायहरूमा गैरसरकारी संस्था वा अन्य निकायहरूको अनावश्यक हस्तक्षेप कम गरिनुपर्छ ।

नेपालमा मानसिक स्वास्थ्य समस्या र आत्महत्याको दर बढ्दो छ । राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद्ले सन् २०२१ मा गरेको सर्वेक्षण अनुसार लगभग १० प्रतिशत वयस्क र किशोरकिशोरीले मानसिक विकारको अनुभव गरेका छन् भने ७.२ प्रतिशतमा आत्महत्यासम्बन्धी विचार वा प्रयास देखिएको छ । प्रहरीको तथ्याङ्क अनुसार दैनिक औसत १९-२० जनाले आत्महत्या गर्ने गरेका छन्। यस्तो संवेदनशील अवस्थामा नागरिकले लाइसेन्स प्राप्त र अनुभवी पेसाकर्मीबाट मात्र सेवा पाउनुपर्छ। प्रभावकारी नियमन नहुँदा सेवाग्राहीलाई थप हानि हुन सक्छ। नियमन र सूचीकरणले सर्वसाधारणलाई योग्य पेसाकर्मी चिन्न सजिलो बनाउँछ र सेवाको विश्वसनीयता बढाउँछ।

अन्ततः, रीताको कथा परिवर्तनको आह्वान हो । यदि नेपालले पेसागत पहिचान स्पष्ट गर्यो, नियमनकारी निकाय बनायो र स्थानीय तथा प्रदेश तहलाई सक्रिय बनायो भने मानसिक स्वास्थ्य सेवा सुरक्षित, सम्मानित र उत्तरदायी बन्न सक्छ। नेपालको मानसिक स्वास्थ्य क्षेत्र यस्तो बनोस्, जहाँ पेसाकर्मीले पहिचानका लागि संघर्ष गर्नु नपरोस् र सेवाग्राहीले गुणस्तरीय सेवाको सुनिश्चितता पाऊन् । फलस्वरुप, मानसिक स्वास्थ्य सेवा कुनै गैरसरकारी संस्थाको 'निजी ठेक्का' जस्तो नभई राज्यको जिम्मेवारी बनोस् ।

# विश्वकै प्रदूषित शहरको दोस्रो स्थानमा काठमाडौं, घरबाहिर ननिस्कन आग्रह



बुटवल। काठमाडौं उपत्यकासहित देशका विभिन्न भूभागमा तुवाँलोका कारण आकाश धुम्मिएको छ। पछिल्ला केही दिनदेखि मौसम पूर्ण रूपमा खुल्न सकेको छैन र देशभर वायु प्रदूषणको स्तर उच्च रहेको छ।

विशेषगरी देशको पूर्वी भागमा वायुमण्डलमा अत्यधिक प्रदूषण भरिएको छ। सोही कारण काठमाडौं विश्वकै प्रदूषित शहरको १० सूचीकोभित्र परेको छ। वायुको गणस्तर मापनका आधारमा यस्तो सूची सार्वजनिक गर्ने आइक्युएयरका अनुसारका विश्वकै प्रदूषित शहरको सूचीको दोस्रो स्थानमा काठमाडौं रहेको छ।

काठमाडौंको हावाको गुणस्तर १८४ भन्दा माथि छ। काठमाडौंको पनि शंखपार्कमा १६७ इन्डेक्स रहेको छ। नेपालमा काठमाडौंको मात्र नभई इलाम प्रदूषित शहरको भित्र परेको छ। देउखुरी दाङ, भैंसेपाटी, भक्तपुर रत्नपार्क, खुमलटार, कीर्तिपुर सबैभन्दा प्रदूषित रहेको छ।

सामान्यतया हावाको गुणस्तर एयरक्वालिटी इन्डेक्स ०-६० सम्मको अवस्थालाई राम्रो मानिन्छ। तर यी ठाउँमा हावाको गुणस्तर (एयर क्वालेटी इन्डेक्स) १६० भन्दा माथि छ। यो अवस्था खतराको संकेत हो।

जलवायु तथा विपद् विज्ञ डा.धर्मराज उप्रेतीले यतिबेला विराटनगर पनि अत्यधिक प्रदूषित शहरमा उक्लिएको जानकारी दिए।

उनले सामाजिक सञ्जालमा लेखेका छन्-' एयर क्वालिटी ६०७ देखाएको छ। यो अत्यधिक घातक अवस्था हो।' उनका अनुसार भारतको बिहार र सो वरिपरि अत्यधिक प्रदूषण हुँदा त्यसको असर नेपालमा पनि देखिएको छ।

अहिलेको अवस्थाबाट बच्न मास्क को प्रयोग गर्नु नै अहिलेको लागि अचुक उपाय भएको उल्लेख गर्दै बाहिरी हिंड्डुल कम गर्नु नै अनुरोध गरे। '

काठमाडौंमा पनि प्रदूषण छ, तर बढी बादल ले छोपेको हुनाले अँध्यारो भएको हो।'- उनले भने।

# सुनचाँदीको मूल्य बढ्यो

काठमाडौं। स्थानीय बजारमा आइतबार सुनचाँदीको मूल्य बढेको छ। गत शुक्रबारको तुलनामा सुन तोलामा रु तीन हजार ५०० र चाँदी प्रतितोला रु ३० ले बढेको हो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार छापावाल सुनको मोल प्रतितोला रु तीन लाख १६ हजार ९०० कायम भएको छ भने एक तोला चाँदीको मूल्य रु पाँच हजार ४७५ निर्धारण भएको छ। शुक्रबार एक तोला सुन रु तीन लाख १३ हजार ४०० र त्यति नै परिमाणको सेतो धातु रु पाँच हजार ४४५ मा कारोबार भएको थियो।

अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार आइतबार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन पाँच हजार १७० र त्यति नै परिमाणको सेतो धातु ८५ अमेरिकी डलरमा कारोबार भइरहेको छ।

# महिला र बालबालिकासम्बन्धी कानुन प्रभावकारी कार्यान्वयन गर्न आयोगको आग्रह




बुटवल। राष्ट्रिय मानवअधिकार आयोगले महिला र बालिकाको हक, अधिकारका सम्बन्धमा नेपालको संविधान, राष्ट्रिय र अन्तरराष्ट्रिय कानुनी व्यवस्था प्रभावकारी कार्यान्वयन गर्न आग्रह गरेको छ।

आयोगले महिला र बालबालिकासम्बन्धी प्रभावकारी कार्यान्वयन गर्न, समानता, सशक्तिकरण तथा सम्मानप्रति संवेदनशील भई महिला र बालिकाहरूलाई हिंसा, शोषण र भेदभावबाट संरक्षण गर्न आग्रह गरेको हो।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले समान न्यायका लागि विद्यमान संरचनात्मक अवरोधहरू हटाउन, समाजका हानिकारक अभ्यासहरू र नकारात्मक सामाजिक मान्यतालाई निर्मूल गर्न सरकारलाई आयोगले आग्रह गरेको बताए।

"संवैधानिक, राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानुनी व्यवस्थाले महिलाको अधिकार सुनिश्चित गरिएता पनि परम्परागत हानिकारक प्रचलनका कारण किशोरी तथा बालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसाका घटना बढिरहेको छ", ११६औँ अन्तरराष्ट्रिय महिला दिवस (८ मार्च)का अवसरमा प्रेस विज्ञप्ति जारी गरी भनिएको छ-"घरेलु हिंसा, मानव बेचबिखन, बालविवाह, डिजिटल हिंसा, यौनहिंसा, बलात्कार, सामाजिक विभेद, आर्थिक असमानता, राजनीतिमा न्यून सहभागिता, दण्डहीनता र न्यायमा पहुँच हुन नसक्दा महिला र बालिकाको मानव अधिकार उपभोगमा चुनौती देखिएको छ।"

आयोगले महिला तथा बालिकाको मानव अधिकार उल्लङ्घनका घटनामा निरन्तर अनुसन्धान र अनुगमन गरी नेपाल सरकारलाई सिफारिस गर्दै आइरहेको छ। आयोगले बालविवाहले मानव अधिकार उपभोगमा पारेको प्रभाव सम्बन्धमा राष्ट्रिय जाँचबुझ कार्यक्रम गर्नाका साथै एकल महिलाको अधिकार सम्बन्धमा भएका कानुनी व्यवस्था र कार्यान्वयन पक्षको अनुगमन गरी प्रतिवेदन तयार गरिरहेको छ।

आयोगको लैङ्गिक परीक्षण, अन्तरराष्ट्रिय लैङ्गिक सम्मेलन आयोजना, जबर्जस्ती करणी, छाउपडीलगायत विषयमा अनुगमन गरी प्रतिवेदन सार्वजनिक गरेको छ।

महिला तथा बालिकाको मानव अधिकार उपभोगमा बाधा पुऱ्याउने नीतिनियम तथा कानुनहरूको सुधार सम्बन्धमा नेपाल सरकारलाई ध्यानाकर्षण गराउँदै आएको छ।

हरेक वर्ष मनाइँदै आएको अन्तरराष्ट्रिय महिला दिवस (मार्च ८) यसवर्ष 'सबै महिला र बालिकाका लागि अधिकार, न्याय र कार्यसहितको अवसर' भन्ने नारासहित विश्वभर मनाइएको छ।

**कसले...**

बाँके २ बाट विजयी भएका महामन्त्री डा. धवलशमशेर राणा यसपाली चुनावी दौडबाट सुरुमै बाहिरिए। यस क्षेत्रमा एमालेका मोहम्मद इस्तियाक राईले चुनाव जित्दा राप्रपाबाट उठेका ऋषीराज देवकोटाले जमानत पनि जोगाउन सकेनन्।

कुल मिलाएर राप्रपालाई निराशा हात लागेको छ। अब राप्रपा नेतृत्वको आँखा समानुपातिकको मतगणनातर्फ छ। अहिलेसम्मको मतगणनामा साढे तीन प्रतिशत आसपासमा मत ल्याइरहेको राप्रपाले यही गति कायम राखे राष्ट्रिय पार्टीको हैसियत जोगाउनसक्ने देखिन्छ। त्यो भनेको ठूलो राहतको विषय हो। राष्ट्रिय पार्टी बन्नका लागि प्रत्यक्षमा एक सिट अनिवार्य जितेको हुनुपर्छ भने समानुपातिकमा कुल सदर मतको कम्तिमा ३ प्रतिशत ल्याएको हुनुपर्छ। ज्ञानेन्द्र शाहीको जितले पहिलो शर्त पूरा भएको छ। समानुपातिकतर्फ यो समाचार लेख्दासम्म ३७ लाख ४१ हजार ६ सय ७८ मत गणना भएकोमा राप्रपालाई १ लाख ३६ हजार ११ मत आएको छ। यो भनेको ३.६३ प्रतिशत हो। त्यसैले राप्रपा 'सेफ जोन' मा देखिएको छ।

थ्रेसहोल्ड कटायो भने राप्रपाले थप ३-४ जना सांसदहरू समानुपातिक बन्दसूचीबाट पठाउन सक्नेछ। त्यसो भएमा राप्रपा पहिलेजस्तै संसदको पाँचौं ठूलो शक्तिकै रूपमा रहने देखिन्छ। राप्रपाभन्दा अगाडि रास्वपा, कांग्रेस, एमाले र नेकपा रहनेछन्।

**लुम्बिनीका...**

पुनका निकटतम प्रतिष्पर्धी नेपाली कांग्रेसका उम्मेदवार सुदनकुमार वलीले १२ हजार ८ मत प्राप्त गरेका छन् भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार बालराम थापाले १० हजार ८९४ मत प्राप्त गरि तेस्रो भएका छन्।

नेकपा एमालेका उम्मेदवार गोकुलप्रसाद घर्तीले ९ हजार ९३३ मत प्राप्त गरेका छन्। विगतको निर्वाचनमा जिल्लामा तेस्रो हुँदै आएको एमालेलाई यसपटक रास्वपाले उछिनेको छ।

**नवलपरासी**

नवलपरासी पश्चिम १ मा राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका विक्रम खनाल निर्वाचित भएका छन्। नेपाली कांग्रेसका विनोदकुमार चौधरीलाई करिब ३५ हजार मतान्तरले पराजित गर्दै खनाल निर्वाचित भएका हुन्।

खनालले ४५ हजार २४१ र चौधरी ९ हजार ५०२ मत पाए। खनाल कांग्रेसका प्रदेश महामन्त्री थिए। चुनावको मुखमा उनी रास्वपा प्रवेश गरेका हुन्। एमालेका रामप्रसाद पाण्डेयले ७ हजार ९५६, जनता समाजवादी पार्टी नेपालका हृयेश त्रिपाठीले ७ हजार ८३२ र राप्रपाका नवनित कुमार मिश्रले एक हजार ५९३ मत प्राप्त गरे।

क्षेत्र नं. २ मा रास्वपाकैनगेन्द्र गुप्ता ४४ हजार १३८ मत ल्याएर निर्वाचित भएका छन्। उनका निकटतम प्रतिस्पर्धी भीमबहादुर थापा क्षेत्रीले १५ हजार ९४५ मत ल्याए। त्यस्तै जसपा, नेपालका देवेन्द्र यादवले ७ हार २१२ मत ल्याउँदा राप्रपाका ध्रुवबहादुर प्रधानले ४६९१ मत ल्याए। एमालेका लेखनाथ खरेलले ४३११ मत ल्याउँदा राष्ट्रिय मुक्ति पार्टी नेपाल का गोविन्दप्रसाद चौधरीले २०२९ मत ल्याए।

**रूपन्देही**

क्षेत्र नं. १ मा रा स्व पा उम्मेदवार सुनिल लम्साल विजयी भएका छन्। उनी पार्टीका महामन्त्री समेत हुन्।

लम्साल ५४ हजार ८४५ मत पाएर फराकिलो मतान्तरले विजयी भएका हुन्।

दोस्रो स्थानमा नेपाली काँग्रेसका हिरा केसीले १२ हजार ४४७, राप्रपाका प्रज्ज्वल बोहोराले ८ हजार ६४१ र नेकपा एमालेका दधिराम न्यौपानेले ८ हजार १७३ मत पाएका छन्।

क्षेत्र नं. २ मा रास्वपाका सुलभ खरेल भारी मतान्तरसहित निर्वाचित भएका छन्। ५६ हजार ५५० मत ल्याएर विजयी खरेलले नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेललाई ४४ हजार ४८९ मतान्तरले पराजित गरेका छन्। ८४ हजार १३ सदर मतमा पौडेलले १२ हजार ८६१ मत पाएका छन्। नेपाली कांग्रेसका चुन्नप्रसाद पौडेलले ९ हजार ३९२ र नेकपाका विश्वदीप पाण्डेले १४०९ मत पाएका छन्।

क्षेत्र नं. ३ मा रास्वपाका उम्मेदवार डा. लेखजंग थापा निकटतम उम्मेदवारभन्दा ५० हजार बढी मतसहित विजयी भएका छन्। थापा ५८ हजार ८ सय १४ मत ल्याई विजयी भएका हुन्। ३६ जना उम्मेदवार रहेकामा थापा ५० हजार ३ सय ८९ मतान्तरले विजयी भएका हुन्।

उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका सुशिल गुरूङले ८ हजार ४ सय ३५ मत ल्याएका छन् भने तेस्रो स्थानमा रहेका नेकपा एमालेका बासुदेव घिमिरेले ८ हजार २ सय ७५ मत ल्याएको निर्वाचन अधिकृत अशोककुमार बस्नेतले जानकारी दिए।

निर्वाचन क्षेत्र नम्बर ३ मा १ लाख ४० हजार ३५ मतदाता रहेकोमा ९४ हजार २ सय ३२ मत खसेको थियो

क्षेत्र नं. ४ मा रास्वपाका उम्मेदवार कन्हैया बनियाँ निर्वाचित भएका छन्। उनले २८०६६ मत ल्याए। उनका निकटतम प्रतिस्पर्धी नेकपा एमालेका प्रमोदकुमार यादवले २० हजार २६२ मत ल्याए। त्यस्तै नेपाली कांग्रेसका उम्मेदवार आशुतोष मिश्रले १५ हजार ६१३ मत ल्याए।

राप्रपाका अहमददिन मुसलमान ७०९ मत रनेकपाका बाबुलाल यादवले ३०६ मत ल्याएका छन्।

क्षेत्र नम्बर ५ मा पनि राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपा विजयी भएको छ। रास्वपाका उम्मेदवार तौफिक अहमद खान ३८ हजार ८०६ मत ल्याएर विजयी भएका हुन्। उनले नेकपा एमालेका उम्मेदवार खिमलाल भट्टराईलाई २५ हजार ७ सयभन्दा बढी मतान्तरले पराजित गरेका हुन्। भट्टराईले १३ हजार एकसय मत पाएका छन्। यस्तै नेपाली कांग्रेसका भरतकुमार शाहले १२ हजार ६२४, नेपाली कम्युनिस्ट पार्टीका मुहम्मद वकील मुसलमानले ६ हजार १७६ र जनमत पार्टीका ओम प्रकाश यादवले ३ हजार १०९ मत ल्याएका छन्।

**कपिलवस्तु**

क्षेत्र नं. १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का मोहन आचार्य विजयी भएका छन्। आचार्यले ३४ हजार १४८ मत प्राप्त गरेर विजयी भएका हुन्।

उनका निकटतम प्रतिष्पर्धी स्वतन्त्र उम्मेदवार आशिष शर्माले १५ हजार ५६० मत प्राप्त गरेका छन्।

यस क्षेत्रमा नेपाली काँग्रेसका अतहर कमाल मुसलमानले १४ हजार ५८२ मत प्राप्त गरे भने नेकपा एमालेका विश्राम चौधरीले ७ हजार ९८० र नेकपाका कृष्ण कुँवरले ४ हजार ६१६ मत प्राप्त गरेका छन्। क्षेत्र नं. २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार विक्रम सिंह थापा विजयी भएका छन्। थापाले २७ हजार ६३५मत प्राप्त गरी विजय हासिल गरेका हुन्। उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार सुरेन्द्र आचार्यले २१ हजार ५२७ मत प्राप्त गरेका छन्। थापाले ६ हजार १०८ मतान्तरले जितेका हुन्।

क्षेत्र नं. ३ मानेपाली कांग्रेसका अभिषेकप्रताप शाह विजयी भएका छन्। उनी २३ हजार ५३५ मत ल्याएर विजयी भएका हुन्।

उनका निकटतम प्रतिस्पर्धी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रकाश रजौरियाले १८ हजार ८९० प्राप्त गरे। त्यस्तै नेकपा एमालेका नेता वीरेन्द्र कनोडियाले १४ हजार ७६३ ल्याए।

**पाल्पा**

क्षेत्र नं. १ नेपाली कांग्रेसका सन्दिप राना निर्वाचित भएका छन्। करिब ३१ वर्षपछि नेपाली कांग्रेसले यहाँ ऐतिहासिक जित हासिल गरेको हो। लामो समयसम्म नेकपा एमालेको गढको रूपमा रहेको यस क्षेत्रमा यसपटक कांग्रेसका रानाले १८ हजार ३३६ मत ल्याएर विजयी भए। उनले सोही क्षेत्रबाट ०७९ मा चुनाव जितेका नारायणप्रसाद आचार्यलाई १ हजार ५१७ मतान्तरले पराजित गरे। आचार्यले १६ हजार ८१९ मत पाए। यहा राष्ट्रिय स्वतन्त्र पार्टीका विमल पन्तले १४ हजार ३३३ मत पाए।

क्षेत्र नं.-२ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का माधवबहादुर थापा निर्वाचित भएका छन्। २६ हजार ७३६ मत प्राप्त गरेर थापा निर्वाचित भएका हुन्। थापाका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका हिमालदत्त श्रेष्ठले १२ हजार ९९२ मत प्राप्त गरेका छन्।

त्यस्तै, नेकपा (एमाले)का ठाकुरप्रसाद गैरेले १० हजार ५०३, नेपाली कम्युनिस्ट पार्टी सोमप्रसाद पाण्डेयले ५ हजार २८८ र नेशनल रिपब्लिक नेपालका देवप्रसाद श्रेष्ठले ६९३ मत प्राप्त गरेका छन्।

**गुल्मी**

क्षेत्र नं. १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार सागर ढकाल विजयी भएका छन्।

अन्तिम मत परिणाम अनुसार ढकालले २९,६४२ मत प्राप्त गर्दै विजय हासिल गरेका हुन्। उनका निकटतम प्रतिस्पर्धी नेकपा एमालेका प्रदीप ज्ञवालीले १५,१८१ मत ल्याएका छन् भने नेपाली कांग्रेसका डा. चन्द्र भण्डारीले १३,५०५ मत प्राप्त गरेका छन्।

ढकालले ज्ञवालीलाई १४,४६१ मतान्तरले पराजित गर्दै जित हात पारेका हुन्। निर्वाचनको सुरुवातदेखि नै अग्रता कायम राखेका ढकालले अन्ततः फराकिलो मतान्तरसहित विजय सुनिश्चित गरेका हुन्। यस परिणामसँगै गुल्मी-१ मा राष्ट्रिय स्वतन्त्र पार्टीले महत्वपूर्ण सफलता हासिल गरेको छ। क्षेत्र नं.२ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार गोविन्द पन्थी विजयी भएका छन्।

अन्तिम मत परिणाम अनुसार पन्थीले नेकपा एमालेका उम्मेदवार गोकर्ण विष्टलाई ५६१ मतान्तरले पराजित गर्दै प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन्।

निर्वाचन आयोगले सार्वजनिक गरेको अन्तिम मतपरिणाम अनुसार रास्वपाका पन्थीले १६ हजार ९६७ मत प्राप्त गर्दै विजयी भए। उनका निकटतम प्रतिस्पर्धी नेकपा एमालेका विष्टले १६, ४०६मत प्राप्त गरे।

त्यस्तै नेपाली कांग्रेसका उम्मेदवार भुवनप्रसाद श्रेष्ठले १४ हजार ४३४ मत प्राप्त गर्दै तेस्रो स्थानमा रहे।

नेपाल कम्युनिस्ट पार्टीका श्रीराम महतले ३ हजार ८१ मत प्राप्त गरेका छन् ।गुल्मी-२ मा सुरुदेखि नै कडा प्रतिस्पर्धा देखिएको थियो। मतगणनाको विभिन्न चरणमा अग्रता परिवर्तन हुँदै गए पनि अन्तिम चरणमा भने पन्थीले अग्रता कायम राख्दै विजय सुनिश्चित गरेका हुन्।

**अर्घाखाँची**

प्रतिनिधिसभा सदस्य निर्वाचनमा अर्घाखाँचीमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का हरिप्रसाद भुसाल विजयी भएका छन्। मुख्य निर्वाचन अधिकृत शिवलाल पाण्डेका अनुसार भुसालले ३५ हजार २३ मत प्राप्त गरे।

नेकपा (एमाले)का पीताम्बर भुसालले २२ हजार ६४९, नेपाली कांग्रेसका विष्णुप्रसाद खनाल (मुस्कान)ले १८ हजार ९८३, नेपाली कम्युनिष्ट पार्टीका रामबहादुर चौहानले तीन हजार ८४७ मत प्राप्त गरे।

अर्घाखाँचीमा कूल एक लाख ७१ हजार ६५२ मतदाता रहेकामा ८६ हजार ६६८ मत खसेको थियो।

**बाँके**

क्षेत्र नं. १ मा रास्वपाका सुरेशकुमार चौधरी निर्वाचित भएका छन्। उनले ३२ हजार ७९२ मत प्राप्त गरेर जित्दा निकटतम प्रतिष्पर्धी नेपाली कांग्रेसका नारायण गौडेलले १५ हजार ३०१ मत, नेकपा (एमाले) का सूर्य ढकालले ११ हजार १५ मत प्राप्त गरेका छन्।

क्षेत्र नं. २ मा नेकपा एमालेका मोहम्मद ईश्तियाक राई निर्वाचित भएका छन्। उनले २४ हजार ६२६ मत ल्याएर विजयी भएका हुन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का विवेककुमार श्रेष्ठले १८ हजार ५८१ मत ल्याएका छन्। ६ हजारको मतान्तरमा जितेका हुन्। ईश्तियाक मनोनयन दर्ताको अघिल्लो दिन ५ माघमा एमाले प्रवेश गरेका थिए।

अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीबाट एमालेमा प्रवेश गर्न उनले बाँके-२ को टिकटलाई शर्त बनाएका थिए।

क्षेत्र नम्बर ३ मा रास्वपाकै खगेन्द्र सुनार विजयी भएका छन्। यहाँ नेपाली कांग्रेसका प्रदेश सभापति अमरसिंह पुन पराजित भए।

**दाङ**

दाङ क्षेत्र नम्बर १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका देवराज पाठक फराकिलो मतान्तरसहित विजयी भएका छन्।

पाठकले नेपाली कांग्रेसका सह-महामन्त्री योगेन्द्र चौधरीलाई २७ हजार ३ सय २२ मतान्तरणसहित पछि पार्दै ४२ हजार ६ सय २ मत प्राप्तगरी निर्वाचित भएका हुन्। कांग्रेसका चौधरीले १५ हजार २ सय ८० मत प्राप्त गरे भने नेकपा एमालेका रेवतीरमण शर्मा घिमिरेले ६ हजार ८ सय २५ मत प्राप्त गरे।

नेपाली कम्युनिस्ट पार्टीका मेटमणी चौधरीले ४ हजार ९ सय ६५ मत प्राप्त गरे।

स्वतन्त्र चुनाव लडेका लुम्बिनी प्रदेशका पूर्व मुख्यमन्त्री कुलप्रसाद केसीले १ हजार तीन सय ८४ मत प्राप्त गरे।

क्षेत्र नं. २ मा राष्ट्रिय स्वतन्त्र पार्टीका सहमहामन्त्री विपिनकुमार आचार्य विजयी भएका छन्। नेकपा एमालेका महासचिव शंकर पोखरेललाई २८ हजार २७५ मतान्तरले हराउँदै आचार्य विजयी भएका हुन्।

कुल ८२ हजार ६ मतमध्ये सहमहामन्त्री विपिनले ४३ हजार ५५७ सय मत हजार मत प्राप्त गरेका छन्। उनका उनका निकटतम प्रतिद्वन्द्वी एमालेका महासचिव पोखरेलले १५ हजार २८२ मत ल्याए।

त्यस्तै अर्को प्रतिष्पर्धी कांग्रेसका किरणकिशोर घिमिरेले ११ हजार २७७ र नेपाली कम्युनिष्ट पार्टीका निर्मलकुमार आचार्यले ७ हजार ८१ मत प्राप्त गरेका छन्।

क्षेत्र नं. ३ मा रास्वपाका कमल सुवेदी विजयी भएका छन्। निकटतम प्रतिद्वन्द्वी कांग्रेसका दीपक गिरीलाई २७ हजार ७९४ मतान्तरले हराउँदै सुवेदीले जित निकालेका हुन्।

सुवेदीले ४४ हजार दुईसय ४८ मत प्राप्त गर्दा गिरीले १६ हजार चारसय ५३ मत प्राप्त गरेका छन्। त्यस्तै नेकपा एमालेका घनश्याम पाण्डेले १२ हजार एक सय ९५ मत प्राप्त गरेका छन् भने चौथोमा नेपाली कम्युनिष्ट पार्टीका धनबहादुर मास्कीले ९ हजार ३२८ मत प्राप्त गरेका छन्। दाङ ३ मा ८८ हजार २७६ सय मत खसेको थियो।

**बर्दिया**

क्षेत्र नम्बर १ मा रास्वपाका ठाकुर सिंह थारू निर्वाचित भएका छन्। उनले निकटतम प्रतिस्पर्धी नेकपा एमालेका उम्मेदवार शालिकराम अधिकारीलाई ३४ हजार ९८८ मतान्तरले हराए।

निर्वाचन आयोगका अनुसार ठाकुरसिंहले ४९ हजार ६३१ मत पाएर निर्वाचित हुँदा एमाले उम्मेदवार अधिकारीले १४ हजार ६४३ मत पाएका छन्।

यसैगरी नेपाली कांग्रेसका उम्मेदवार सन्जय कुमार गौतमले १२ हजार ७२२ र नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार विष्णुप्रसाद चौधरीले ९ हजार २८५ मत पाएका छन्। नागरिक उन्मुक्ति पार्टी नेपालका अब्दुल खानले ५ हजार ७२४ र राप्रपाका विरबहादुर कामीले १ हजार ३४४ मत पाएका छन्। क्षेत्र नं. २ मा रास्वपाकै श्रीधर पोखरेल फराकिलो मतान्तरकासाथ जितेका छन्।

**प्यूठान**

प्यूठानमा राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका सुशान्त वैदिक विजयी भएका छन्। उनले २७ हजार ४६९ मत प्राप्त गर्दै जीत हासिल गरेका हुन्।

उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका गोविन्दराज पोखरेलले १८ हजार ३३८ मत ल्याएका छन्। नेकपा एमालेका सूर्य थापाले १६ हजार ७१० मतसहित तेस्रो स्थान हासिल गर्दा नेपाल कम्युनिस्ट पार्टीका कृष्णध्वज खड्काले ९ हजार ७४ मत पाए। राष्ट्रिय जनमोर्चाका तिलकबहादुर जिसीले ७ हजार ६५४ मत ल्याएर पाँचौं स्थानमा रहे।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, नवलपरासी (ब.सु.प.)

अग्नि नियन्त्रक दस्ता(फायर फाइटर) छनौटका लागि इच्छुक व्यक्तिहरुले निवेदन पेश गर्ने सम्बन्धि सुचना

प्रथम पटक प्रकाशित मिति २०८२/११/२५

यस डिभिजन वन कार्यालयको स्विकृत बार्षिक कार्यक्रम अनुसार वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि योग्यता पुगेका अग्नि नियन्त्रक दस्ता(फायर फाइटर) छनौट गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) औ दिनको कार्यालय समयभित्र निवेदन पेश गर्न यो सुचना प्रकाशन गरिएको छ। विस्तृत व्यहोराको सुचना यस कार्यालयको सुचना पाटी र https://dfoparasi.lumbini.gov.np को वेभसाईटमा राखिएको छ।

डिभिजन वन कार्यालय, नवलपरासी, व.सु.प.।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**मनाङमा पर्यटकको चहलपहलः**
मनाङमा चुनावी चहलपहल सकिन नपाउँदै विदेशी पर्यटकहरू आउन सुरु गरेका छन् । अन्नपूर्ण पदमार्गअन्तर्गत नासो गाउँपालिकादेखि चामेतर्फ जाँदै गरेका विदेशी पर्यटक यस पदमार्गमा दैनिक ५० देखि ६० जना विदेशी पर्यटक मनाङ भित्रने गरेका छन् । तस्विरः नवीन लामिछाने/रासस

# प्रतिनिधिसभामा १४ महिला सांसद पुग्दै



बुटवल । नेपालमा प्रतिनिधिसभाको निर्वाचनको प्रत्यक्षतर्फ मतपरिणाम सार्वजनिक हुने क्रम अन्तिम चरणमा पुगेको छ । यसपटक प्रत्यक्ष निर्वाचनबाट संसदमा पुग्ने सांसदहरूमा धेरै अनुहार नयाँ देखिएका छन् ।

अघिल्लो निर्वाचनको तुलनामा यसपटक प्रत्यक्षतर्फबाट निर्वाचित हुने महिलाको संख्या बढ्ने देखिएको छ । अहिलेसम्म १४ जना महिला उम्मेदवारले जित हासिल गरेका छन् । तीमध्ये १३ जना रास्वपाका हुन् । रास्वपाबाहेकका दलबाट एक जनामात्रै महिलाले जितेकी छन् । १६५ कुल सिटमध्ये २३.१ प्रतिशत महिलाको प्रत्यक्षबाट प्रतिनिधित्व हुँदैछ । अघिल्लो चुनाव १४.८५ प्रतिशत रहेको थियो । यो पटक ८.२५ प्रतिशतले बढी छन् । यो संसदमा सबैभन्दा रास्वपाबाट महिलाको प्रतिनिधित्व हुने पक्काजस्तै छ । अघिल्लो पटक चुनाव जितेकी सोविता गौतम र तोसिमा कार्की यसपटक पनि संसद छिर्न सफल भएका छन् ।

अन्य राजनीतिक दलबाट नगन्य संख्यामा महिलाको संसद उपस्थिति हुने देखिन्छ । हालसम्म १६ सिट जितेको कांग्रेसबाट १ जना महिला आउँदैछिन् । कांग्रेसको हालसम्म १ सिटको अग्रता छ । त्यसमा पनि पुरूष उम्मेदवार छन् ।

कांग्रेसबाट दैलेख १ की बासना थापाले मात्रै चुनाव जितेकी छन् । कांग्रेसबाट महिला कोटामा प्रतिनिधित्व गर्ने उनी एक्ली सांसद भएकी छन् । कांग्रेसले ११ जना महिलालाई उम्मेदवार बनाएको थियो ।

अन्य दलबाट भने एक जना पनि महिलाले चुनाव जितेका छैनन् । हालसम्म ७ सिट जितेको नेकपा एमालेको ३ वटा क्षेत्रमा अग्रता लिएको छ । तर अग्रता बढाएको क्षेत्रमा पनि सबै पुरूष उम्मेदवार छन् । एमालेले १२ जना महिलालाई उम्मेदवार बनाएको थियो । यसपटक एमालेबाट प्रत्यक्षतर्फ एक जना पनि महिला संसदमा उपस्थित हुने छैनन् । त्यस्तै नेपाली कम्युनिस्ट पार्टीको पनि प्रत्यक्षतर्फ महिलाको उपस्थिति शून्य छ । संसदमा प्रत्यक्षतर्फ कांग्रेस र रास्वपा गरी १४ सिट मात्र महिला सांसदको प्रतिनिधित्व हुने भएको छ ।

कांग्रेसबाट १६५ मध्ये ११ जना महिला उम्मेदवार बनेका थिए । नेकपा एमालेबाट १२ जना, नेकपाबाट ११, र रास्वपाबाट १६ जना महिलालाई उम्मेदवार बनाएको थियो । रास्वपाको १६ उम्मेदवारमध्ये ३ जना मात्रै पराजित भए ।

अघिल्लो प्रतिनिधिसभामा भन्दा यो संसदमा प्रत्यक्षतर्फ जितेर आउने महिलाको संख्या धेरै हुने भएको छ । अघिल्लोपटक विभिन्न राजनीतिक दलबाट ९ जना सांसद थिए । रास्वपाबाट झापा २ मा ६० हजार ११० मत ल्याएर इन्दिरा राना मगर, चितवन ३ बाट ५९ हजार २७७ मत ल्याएर सोविता गौतम, मोरङ ६ मा ५५ हजार ५१३ मत ल्याएर रूविना आचार्य, ४५ हजार २४१ मत ल्याएर झापा १ मा निशा डाँगी विजयी भइन् । उनी यसअघि समानुपातिक सांसद थिइन् ।

त्यस्तै सर्लाही १ मा ४४ हजार १८१ मत ल्याएर नीतिमा भण्डारी (कार्की), ४३ हजार ०९६ मत ल्याएर ललितपुर ३ बाट तोसिमा कार्की, ३९ हजार १२८ मत ल्याएर धादिङ १ बाट आशिका तामाङ, सप्तरी १ मा ३८ हजार १९५ मत ल्याएर पुष्पाकुमारी चौधरी, कास्की ३ मा ३७ हजार ७५० मतसहित बिना गुरूङ विजयी भएका छन् ।

त्यसैगरी कैलाली १ बाट १७ हजार ८२६ मत ल्याएर कोमल ज्ञवाली, मोरङ ५ मा ३० हजार ४३४ मतसहित आशा झा, काठमाडौं १ मा १५ हजार ४५५ मत लिएर रञ्जु दर्शना विजयी भइन् भने जित नजिक पुगेकी गौरी कुमारी घोषणा हुन बाँकी छ ।

त्यसैगरी कांग्रेसकी बासना थापा दैलेख १ बाट १२ हजार ३७२ मत ल्याएर पहिलो पटक संसदमा प्रवेश गर्दैछिन् ।

२०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा ९ जना महिलाले प्रत्यक्ष तर्फबाट निर्वाचित भएर संसदमा पुगेका थिए । एमालेबाट भगवती चौधरी, ज्वालाकुमारी साह, जुली महतो, विद्या भट्टराई चुनाव जितेर आउँदा कांग्रेसबाट सीता गुरूङ आएकी थिइन् । त्यस्तै माओवादीबाट रेखा शर्मा निर्वाचित भएकी थिइन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट सोविता गौतम र तोसिमा कार्की आउँदा नागरिक उन्मुक्ति पार्टीबाट रञ्जिता श्रेष्ठले जितेकी थिइन् । त्यसबाहेक राप्रपालगायत अन्य पार्टीबाट महिलाको प्रतिनिधित्व शून्य थियो ।

यसपटक उम्मेदवारी दोहोऱ्याएकी एमालेकी जुली महतो र ज्वाला साह भने पराजित भएकी छन् । रास्वपाका दुई महिला सांसद पुनः निर्वाचित भएका छन् ।

तत्कालिन नाउपाकी सांसद श्रेष्ठ नेकपाबाट समानुपातिक उम्मेदवार बनेकी छन् ।

# नेतृत्वको विकल्प खोजिन्छ : प्रदीप, कार्यकर्तालाई विचलित नहुन विष्णुको आग्रह





बुटवल । नेकपा (एमाले)का उपाध्यक्ष तथा रूपन्देही क्षेत्र नम्बर २ का उम्मेदवार विष्णु पौडेलले निर्वाचन परिणामपछि पार्टीभित्र समीक्षा गर्दै जनअपेक्षाअनुसार रूपान्तरण गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

सामाजिक सञ्जाल फेसबुकमा लामो सन्देश सार्वजनिक गर्दै पौडेलले एमालेको नीति, नेतृत्व, संगठन र कार्यशैलीलाई जनअपेक्षाअनुसार पुनर्गठन गर्न अग्रसर रहने र अविचलित रूपमा जनता तथा राष्ट्रको सेवामा समर्पित भइरहने बताएका हुन् ।

उनले भनेका छन्-"बिगतमा हाम्रा तर्फबाट भएका गल्ती कमजोरीहरूको गम्भीर समीक्षा गर्न, जनअपेक्षाअनुसार आफैँलाई रूपान्तरण गर्न र नेकपा (एमाले)को नीति, नेतृत्व, संगठन र कार्यशैलीलाई जनअपेक्षा अनुरूप पुनर्गठन गर्न अग्रसरता लिने र अविचलित भएर जनता र राष्ट्रको सेवामा समर्पित भैरहने प्रतिबद्धता व्यक्त गर्दछु ।"

पौडेलले निर्वाचन परिणामबाट पार्टीका नेता-कार्यकर्ता विचलित नहुन आग्रह गरेका छन् । उनले राजनीति लामो यात्रा भएकाले यसमा उतारचढाव स्वाभाविक रहेको उल्लेख गर्दै लेखेका छन्-"जस्तोसुकै परिस्थितिमा पनि हाम्रो निष्ठा र सङ्कल्प कमजोर हुनुहुँदैन ।"

लोकतन्त्रको सुन्दरता जनताको अभिमत भएको उल्लेख गर्दै उनले रूपन्देही क्षेत्र नम्बर २ का मतदाताको निर्णयलाई सविनय र सहर्ष स्वीकार गरेको बताएका छन् ।

यस निर्वाचनमा विजयी भएका रास्वपाका सुलभ खरेललाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै उनले रूपन्देहीको विकास र समृद्धिको यात्रालाई अझ उचाइमा पुऱ्याउने विश्वास व्यक्त गरेका छन् ।

पौडेलले रूपन्देही विशेष गरी क्षेत्र नम्बर २ लाई आफ्नो जीवनको अभिन्न हिस्सा र कर्मभूमि भएको उल्लेख गर्दै पदमा रहे पनि नरहे पनि यहाँका जनताको सुख-दुःखमा सधैं साथ रहने बताएका छन् ।

निर्वाचनमा आफूलाई विश्वास गरेर मतदान गर्ने तथा आ-आफ्ना विश्वासका आधारमा विभिन्न चुनाव चिन्हमा मतदान गर्ने मतदाताप्रति सम्मान व्यक्त गर्दै उनले चुनावी अभियानमा खटिएका एमालेका नेता-कार्यकर्ता तथा शुभेच्छुकलाई धन्यवाद दिएका छन् ।

साथै निर्वाचन सम्पन्न गर्न सहयोग पुऱ्याउने राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, राजनीतिक दलका नेता-कार्यकर्ता, सञ्चारकर्मी तथा सञ्चारमाध्यमप्रति पनि उनले आभार व्यक्त गरेका छन् ।

यसैबिच एमाले नेता प्रदीप ज्ञवालीले देशभरिबाट प्राप्त मत परिणाम एमालेका निम्ति गम्भीर धक्का भएको प्रतिक्रिया दिएका छन् ।

बीबीसी नेपाली सेवासँग अडियो संवादमा उनले त्यसो भनेका हुन् । उनले यो परिणामपछि पार्टीले नीति, शैलीदेखि नेतृत्वको भूमिका र विकल्पसम्ममा छलफल गर्ने बताएका छन् । नयाँ संसदमा एमाले रचनात्मक, जिम्मेवार र परिपक्व प्रतिपक्षको भूमिकामा रहने उनले बताएका छन् ।

# अमरेशका समर्थकबाट कांग्रेस नेतामाथि आक्रमण



बुटवल । सर्लाहीको बलरा नगरपालिका-४ मा नेपाली कांग्रेसका नेता डा. कमलेश्वर सिन्हामाथि आक्रमण भएको छ । दिउँसो करिब १२ : १० बजे बलरा-४ स्थित बाटोमा आक्रमण भएको कांग्रेसका स्थानीय युवा नेता नवीन कुशहवाले जानकारी दिएका छन् ।

डा. सिन्हा आफ्ना छोरा र नातिसँगै स्कार्पियो गाडीमा बसेको अवस्थामा गाडीमाथि आक्रमण गरिएको जनाइएको छ । सर्लाही क्षेत्र नं. ४ का रास्वपाबाट निर्वाचित सांसद अमरेशकुमार सिंहका भतिजा तथा राष्ट्रिय अनुसन्धान कार्यालय धनुषाका सूचक गोपेशकुमार सिंह र बलरा-४ का पंकजकुमार झाले आक्रमण गरेको आरोप लगाइएको छ । आक्रमणबाट घाइते भएका सिन्हालाई उपचारका लागि अस्पताल भर्ना गरिएको छ ।

यस घटनाप्रति नेपाली कांग्रेस सर्लाही क्षेत्र नं. ४ ले घोर आपत्ति जनाएको छ । विजय जुलुसको क्रममा डा. सिन्हामाथि ज्यान लिने गरी आक्रमण भएको आरोप लगाउँदै कांग्रेसले दोषीमाथि कानुनबमोजिम कारबाही गर्न प्रशासनसँग माग गरेको छ ।

कांग्रेस कार्यकर्ताले यस्ता गतिविधि दोहोरिन नदिन सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै दोषीलाई तत्काल पक्राउ गरी कडा कारबाही गर्न माग गरेका छन् ।

# पाल्पाका युवाद्वारा महाकाली-मेची साइकल यात्रा



पाल्पा । पाल्पाका तीन जना युवाले महाकाली-मेची साइकल यात्रा गर्ने भएका छन् । शान्तिको सन्देश विश्वभर फैलाउने उद्देश्यसहित उनीहरूले महाकाली-मेची साइकल यात्रा गर्न लागेका हुन् ।

यहाँका २५ वर्षीय शान्तम थैबा, ३७ वर्षीय विज्ञान बज्राचार्य र २४ वर्षीय सुविनमान बज्राचार्यले साइकल यात्रा गर्न लागेका हुन् । सोमबारदेखि नेपालको पश्चिमी सिमाना महाकालीबाट साइकल यात्रा सुरु हुनेछ । साइकल यात्रामा निस्कन लागेका युवालाई पाल्पा साइक्लिङ सङ्घले आइतबार एक कार्यक्रमकाबिच बिदाइ गरेको छ ।

महाकाली नदीबाट सुरु हुने साइकल यात्रा मेची नदी पुगेर सम्पन्न हुने पाल्पा साइक्लिङ सङ्घका उपाध्यक्ष अमन शाक्यले बताए । उनका अनुसार 'साइकल चलाऔँ नेपालभरि, शान्तिको सन्देश संसारभरि' भन्ने मूल नाराका साथ साइकल यात्रा हुन लागेको हो ।

नेपालभर शान्ति, एकता, स्वास्थ्य सचेतना, वातावरण संरक्षण तथा साइकल संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले यो यात्रा हुन लागेको उपाध्यक्ष शाक्यले जनाए ।

"गौतमबुद्ध जन्मेको देशमा बेलाबेलामा अशान्त हुने गर्दछ, हामी एकताको सन्देश फैलाउन चाहन्छौँ । अर्कोतर्फ अस्तव्यस्त जीवनशैलीका कारण मानिस अस्वस्थ बन्दै गएका छन्, यसले स्वस्थ रहने सन्देशसमेत प्रवाह गर्नेछ", शाक्यले भने-"त्यसैले शान्ति र स्वास्थ्यका लागि सबैको ध्यानाकर्षण गराउन साइकल यात्रा गर्न लागेका हौँ ।" एघार दिनसम्म हुने साइकल यात्रामा ११०० किलोमिटर दूरी तय गरिने उनले जानकारी दिए ।

टोलीलाई बिदाइ गर्ने क्रममा सङ्घका अध्यक्ष रुपेश महर्जनले शान्ति र एकताको सन्देश विश्वभर फैलाउन साइकल यात्राले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

सङ्घले हरेक वर्ष पाल्पामा 'हेरिटेज राइड'समेत आयोजना गर्दै आएको छ ।

सङ्घले जिल्लामा रहेका ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्नेगरी 'सम्पदा साइकल राइड' आयोजना गर्दै आएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com